नेपाल सरकार

वन तथा भू-संरक्षण मंन्त्रालय

# पहाडी साना किसानका लागि अनुकूलन आयोजना

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण

## कार्य संचालन निर्देशिका (संक्षिप्त स्वरुप) २०७४, मंसिर

प्रकाशक:

आयोजना समन्वय इकाई,

हात्तीसार काठमाण्डौ

**फोन: ०१-४४३४५०७/४४३७७८४**

**ईमेल:**

**वेवसाईट: www.asha.gov.np**

IFAD
Investing in rural people

ASHA Adaptation for Smallholders in Hilly Areas

# विषयसूची

१. परिचय ............ ३

२. लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण मूलप्रवाहीकरणको परिभाषा ............ ३

३. ASHA आयोजनामा लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण मूलप्रवाहीकरणको खाका ............ ३

४. आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको जिम्मेवारी ............ ४

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तथा कार्य संचालन निर्देशिका ............ ४

६. लैङ्गिक समानता र सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि दैनिक क्रियाकलाप गर्दा ध्यान दिनुपर्ने कुराहरु ............ ४

७. स्थानीय अनुकूलन कार्ययोजना प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समायोजनको खाका ............ ८

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) खण्डिकृत तथ्याङ्क संकलनका लागि नमूना फारम ............ ९

## धन्यवाद ज्ञापन



जलवायु परिवर्तन अनुकूलनको क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गर्दै अनुकूलनका प्राथमिकताहरु निर्धारण गरि योजना तर्जुमा गर्न, कार्यन्वयन गर्न र अनुगमन कार्यमा उनीहरुको अपनत्व बृद्धि गर्न पहाडी साना किसानको लागि अनुकूलन आयोजनाले ग्रामिण गरिव तथा संकटासन्न साना किसानहरु र सामाजिक रुपले पछाडी परेका पारिएका घरपरिवारहरुलाई स्थानीय स्तरको निर्णय प्रकृयामा सहभागी गराउंदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा मूलप्रबाहीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको हो । यस निर्देशिकाले आयोजनाका कर्मचारीहरुका साथै यसका सेवाप्रदायक संस्थाहरुलाई दैनिक रुपमा गरिने प्रत्येक क्रियाकलापहरुमा लैङ्गिक सम्वेदनशिल बन्दै आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहमा ल्याउन सहयोग हुने विश्वास गरिएको छ । आशा छ यो सामाग्री सम्वन्धित सवै प्रयोगकर्ताहरुको लागि उपयोगी हुनेछ ।

यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण निर्देशिका (संक्षिप्त स्वरुप) को लेखन, सम्पादन तथा प्रकाशन गर्नको लागि मुख्य भूमिका खेल्नु हुने यस आयोजनका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ श्री द्रौपदी सुवेदीलाई विशेष धन्यवाद दिन चाहन्छु । यसको साथै यस पुस्तिकालाई थप व्यवहारिक बनाउन आवश्यक सरसल्लाह तथा सुझाव दिनुहुने आयोजनाका योजना अधिकृत श्री शिला ज्ञवाली, अनुगमन तथा मूल्यांकन अधिकृत श्री प्रकाश बस्नेत लगायत प्राविधिक टिमलिडर श्री नवराज बराल, विषयगत विज्ञहरु ईङ्गिला मिश्र महर्जन, दिपक वहादुर चन्द, विरेन्द्र बहादुर चन्द, रमेश मास्के, प्रकाश चन्द्र तारा, श्रीकान्त अधिकारी, आकाश उपाध्याय, जिल्ला आयोजना संयोजकहरु  र कृषि विकासको लागि अन्तराष्ट्रिय कोषका बासु अर्याललाई धन्यवाद दिन चाहन्छु ।

**पशुपतिनाथ कोईराला**
आयोजना संयोजक

## १. परिचय

यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यसंचालन निर्देशिका (संक्षिप्त स्वरुप) पहाडी साना किसानका लागि अनुकूलन आयोजनाका दैनिक कार्य संचालन प्रकृयामा जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापहरुमा संकटासन्न घरधुरीहरु, महिला, दलित लगायत पिछडिएका जनजातीहरुका आवश्यकता तथा सवालहरुलाई सम्वोधन गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा मूलप्रबाहीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको हो । यस निर्देशिकाका अपेक्षित प्रयोगकर्ताहरु आयोजनाका कर्मचारीहरुका साथै यसका सेवाप्रदायक संस्थाहरु हुन् । विशेष गरी आयोजना समन्वय इकाई, प्राविधिक सहयोग इकाई, जिल्ला आयोजना समन्वय इकाई, सामाजिक परिचालन सेवा प्रदायक संस्थाहरु तथा अन्य सेवाप्रदायक निकाय तथा व्यक्तिहरु, सहभागी मन्त्रालयका कर्मचारीहरु, स्थानीय सरकार (गाँउपालिका नगरपालिका) का पदाधिकारीहरु, अगुवा कृषक, लाभान्वित समुह तथा सहकारीहरु हुनेछन् ।

प्रायजसो कर्मचारीहरुमा लैङ्गिक समानता र महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरण लक्षित कार्यक्रमको विषयमा प्रसस्त छलफल हुने भएतापनि कार्यान्वयनको क्रममा अलमल भएको देखिन्छ । फिल्ड स्तरमा संचालन गरिने कृयाकलापहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु कम लक्षित हुने यथार्थतालाई दृष्टिगत गरि यो संक्षिप्त निर्देशिका तयार गरिएको छ जस्ले दैनिक रुपमा गरिने प्रत्येक स-साना क्रियाकलापहरुमा पनि कसरी सम्वेदनशिल बन्न सकिन्छ भन्ने कुराको निर्देशन गर्दछ । आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहमा ल्याउन सहयोग हुने विश्वास गरिएको छ । सामाजिक आर्थिक तथा वातावरणीय रुपमा संकटासन्न घरधुरी तथा समुदायहरुको समानुकुलन क्षमता बृद्धि गर्न तथा सामाजिक रुपमा विद्यमान शक्ति सम्वन्धमा सन्तुलन ल्याउने कुरामा यो निर्देशिका सहयोगी हुनेछ ।

## २. लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण मूलप्रवाहीकरणको परिभाषा

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण भन्नाले समाजका हरेक महिला, पुरूष तथा बञ्चितिकरणमा परेका वर्गहरुका सरोकारका कुराहरू र अनुभवहरूलाई राजनैतिक, आर्थिक तथा सामाजिक सवै क्षेत्रका नीति-नियम तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनको एक अभिन्न आयाम बनाउने रणनीति हो जसबाट महिला, पुरुष तथा बञ्चित वर्गहरुले समान फाइदा प्राप्त गर्दछन् र असमानता रहँदैन । लैङ्गिक मूलप्रवाहीकरणको अन्तिम लक्ष भनेको महिला र पुरुषलाई विकासको कार्यमा समान रुपमा योगदान गर्ने र प्राप्त विकासको फाइदा पनि समान रुपमा प्राप्त गर्न सक्षम बनाउनु हो ।

## ३. ASHA आयोजनामा लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण मूलप्रवाहीकरणको खाका

**चरण १: अवस्था विश्लेषण-**
लक्षित वर्गः महिला, गरिव, दलित जनजाती लगायत संकटासन्न (V4, V3, V2) घरधुरी पहिचान गर्ने र संकटासन्नताको कारणहरु, विकासका अवसरहरु र प्रतिफल पाउनबाट बञ्चितिकरण हुनाका कारणहरु पत्ता लगाउने

**चरण २: योजना तथा संरचना तयारी-**
स्थानीय अनुकुलन योजना (LAPA) मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्वोधन गर्ने गरि अनुकूलनका उपायहरु समावेश गरि त्यसै बमोजिम बार्षिक कार्ययोजना र बजेट तयार गर्ने

**चरण ३: कार्यान्वयन-**
- तयारी गरेको बार्षिक कार्ययोजना र बजेट अनुसारका कृयाकलापहरु कार्यान्वयन गर्ने
- आयोजनाको कृयाकलापहरु कार्यान्वयनको क्रममा भएमा सिकाईहरुको आधारमा नीति, कार्यविधि, संस्थागत संरचना र अनुगमन तथा मुल्याङ्कन पद्दती तयार गरी कार्यान्वयन गर्ने

**चरण ४: अनुगमन र मुल्याङ्कन -**
- योजना अनुसारको स्रोत साधनहरु लक्षित वर्ग सम्म पुगेको सुनिश्चितता गर्नको लागि निरन्तर अनुगमन, समिक्षा र विश्लेषण गर्ने
- खण्डिकृत तथ्याङ्क संकलन गर्ने, समिक्षा गर्ने र उक्त तथ्याङ्कहरुको विश्लेषण गरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सवल पक्ष तथा कमजोर पक्ष पत्ता लगाई भएका सिकाईहरुको आधारमा बार्षिक कार्यक्रम बनाउने

## ४. आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको जिम्मेवारी

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको जिम्मेवारी आयोजना समन्वय ईकाई, जिल्ला समन्वय इकाई तथा यसका सेवाप्रदायक संघ/संस्थाहरु सवैको हुनेछ । त्यसैले आयोजना अन्तर्गतका सवै कर्मचारीहरु, परामर्शदाताहरु र सेवा प्रदायक संघसंस्थाहरु र तिनका कर्मचारीहरु सवैको कार्य विवरणमा लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको जिम्मेवारी तोकिनेछ । आयोजनाको बार्षिक कार्यक्रम तर्जुमा गर्ने, कार्यन्वयन गर्ने र अनुगमन मुल्याङ्कनको समग्र जिम्मेवारी रहने आयोजना संयोजक र जिल्ला आयोजना संयोजकहरुले लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरणलाई सम्वोधन गरिएको र प्रयाप्त मात्रामा स्रोतहरुको व्यवस्था गरिएको सुनिश्चतता गर्नेछन् ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञको लैङ्गिक मूलप्रवाहिकरणको सुनिश्चतताका लागि कार्यनीति, निर्देशिका तयारी, सुक्ष्म अनुसन्धान गर्ने प्रमुख जिम्मेवारी हो भने योजना तथा अनुगमन, मुल्याङ्कन आधिकृत/विज्ञहरुले पनि आयोजनामा संचालन भएका कार्यक्रमहरुबाट लक्षित वर्गहरु सम्म फाईदा पुगेको सुनिश्चित गर्नका लागि लाभान्वीत वर्गहरुको लैङ्गिक, जातीय, क्षेत्रीय र संकटासन्नताको हिसावले खण्डिकृत तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने तथा उक्त विश्लेषणको आधारमा आयोजना अवधिभर कार्यक्रमहरुमा लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरणमा सहयोग पुग्ने क्रियाकलापहरु तर्जुमा तथा कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी रहनेछ ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तथा कार्य संचालन निर्देशिका

आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति तथा कार्य संचालन निर्देशिका तयार गरिएको छ जसमा पहाडी साना किसानका लागि अनुकूलन आयोजनामा लैससास मूलप्रवाहीकरणको खाका (माथि नं. ३ मा उल्लेख भए अनुसार), स्थानीय अनुकूलन कार्ययोजना तयारी तथा कार्यान्वयनको क्रममा लैससास समायोजनको खाका (तल नं. ७ मा उल्लेख भए अनुसार) लगायत आयोजनाका लक्षित वर्ग, लाभान्वीत समूह गठन प्रकृया लगायत लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरणका लागि गरिने क्रियाकलापहरु कार्यान्वयन प्रकृया सहित उल्लेख गरिएको हुँदा सवैले उक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तथा कार्य संचालन निर्देशिकाको अध्ययन गरि सो निर्देशिकाको मर्म अनुरुपका क्रियाकलापहरु र प्रकृया अनुसार कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

## ६. लैङ्गिक समानता र सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि दैनिक क्रियाकलाप गर्दा ध्यान दिनुपर्ने कुराहरु

हामीले कार्यालयका विभिन्न क्रियाकलापहरु संचालन गर्ने क्रममा दैनिक रुपमा कुनै न कुनै काम गरिरहेका हुन्छौ । हरेक साना ठूला जुनसुकै कार्यमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) संवेदनशिलता अपनाउन पर्ने हुन्छ अतः लैससास संवेदनशिलता वा मूलप्रवाहीकरणका लागि निम्न  कुराहरुमा ध्यान दिनुपर्ने हुन्छ :

| क्र.सं. | क्रियाकलापहरु | लैससास मूलप्रवाहीकरणका लागि निम्न कुराहरुमा ध्यान दिनुहोस |
|---|---|---|
| १ | संचार गर्दा- | तपाई हामीले प्रत्येक दिन सवैभन्दा धेरै समय संचार सम्वन्धि काम (बोल्ने, लेख्ने) मा खर्च गरेका हुन्छौं । त्यसैले सबै किसिमका संचार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वेदनशिल बोली, भाषा, व्यवहार, प्रचार प्रसार सामग्रीहरु प्रयोग गर्नुहोस् जसले सदैव परम्परागत कुरिती कुसंस्कारहरुलाई हटाउदै लक्षित वर्गहरुको हक अधिकार स्थापित गर्न तथा उनीहरुको सशक्तिकरण गर्न सहयोग पुगोस- विचार पुऱ्याउनुहोस कि हाम्रो बोली, व्यवहार, उखान टुक्का, जोकहरुको प्रयोग, लेखाई वा प्रयोग गरिएका दृश्य सामग्री ( फोटो र चित्र) हरुले कहिल्यै पनि महिला र पिछडिएका क्षेत्र वा वर्गहरुलाई अझै बढि उत्पिडनमा पार्ने, उनीहरुको आत्म सम्मानमा चोट पुऱ्याउने र परम्परागत कुरितीहरुलाई प्रोत्साहन तथा बढावा दिने छैनन् । |
| २ | प्रचार प्रसार सामग्री, ज्ञान व्यवस्थापनका सामग्रीहरु | आयोजनाद्वारा संचालन गरिने जलवायु अनुकूलनका विभिन्न कार्यक्रमहरुसंग सम्वन्धित प्रचार प्रसार सामग्रीहरु (सडक नाटक, फोटो/चित्र, भित्ते लेखन, भिडियो डकुमेन्ट्री ी, रेडियो/टि.भि. कार्यक्रम, लेख, रचना, नयाँ नयाँ प्रविधिहरु बारेका जानकारीहरु, कार्यक्रम कार्यान्वयन निर्देशिका, तालिम निर्देशिका, प्रगति प्रतिवेदन लगायत कार्यक्रमका उपलव्धीहरु, सिकाईहरु, |

| | | |
|---|---|---|
| | लगायत प्रतिवेदनहरुको उत्पादन तथा प्रकाशन गर्दा- | सफलताका कथाहरुको उत्पादन र प्रकाशन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संवेदनशिल बोलि, भाषा, फोटो, चित्रहरुको प्रयोग गर्नुहोस् । ध्यान दिनुहोस् कि ति सामग्रीहरुको प्रयोग गर्दा महिला, दलित तथा पिछडिएका वर्ग र क्षेत्रका व्यक्तिहरु उत्साहित बनून र उनीहरुले सम्मानित भएको महशुसा गरुन । |
| ३ | कर्मचारीहरु तथा परामर्शदाताहरु छनौट वा नियुक्त गर्दा- | ● कर्मचारी छनौट गर्दा कार्य विवरण अनुसारको सिप तथा दक्षताको साथमा लैससास अवधारणा प्रति सम्वेदनशिल महिला, दलित, जनजाती र कार्यक्रम लागु भएको क्षेत्रका बासिन्दाहरुलाई प्राथमिकता दिने खालका प्रावधानहरु राख्नुहोस् ।<br>● कर्मचारी छनौट समितिमा कम्तिमा एक जना महिला सदस्य राख्नुहोस् ।<br>● सुनिश्चत गर्नुहोस कि समग्र टिममा कम्तिमा पनि ३३ प्रतिशत महिला लगायत दलित, जनजाती र सम्वन्धित क्षेत्रका बासिन्दाहरु समावेश भएका हुनेछन् । |
| ४ | सेवा प्रदायक संघ/संस्था छनौट गर्दा- | कुनैपनि सेवा प्रदायक संघसंस्था छनौट गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा काम गरेको अनुभव भएको, संस्थामा लैससास नीति निर्माण गरि कार्यान्वयन गरेको र लैससास विषयका विज्ञहरु सहित समावेशी कर्मचारी तथा बोर्ड पदाधिकारी भएको सेवा प्रदायक संस्थालाई छनौटका आधारमा समावेश गर्नुहोस् । |
| ५ | कर्मचारीहरु, सेवा प्रदायक संघसंस्था वा व्यक्तिहरुको कार्य विवरण तयार गर्दा- | ● हरेक कर्मचारी, परामर्शदाता र सेवा प्रदायक संस्था वा व्यक्तिको कार्य विवरण बनाउदा उसले गर्ने सवै काममा लैससास सम्वन्धि विश्लेषण गर्ने, विषय विज्ञहरुसंग छलफल गर्ने, योजना तर्जुमा गर्दा वा अनुसन्धान गर्दा लैससासका सवालहरु समावेश गर्ने, लैङ्गिक तथा सामाजिक समूह अनुसारको खण्डिकृत तथ्याङ्कहरु संकलन गर्ने, विश्लेषण गर्ने र सोही आधारमा प्रतिवेदन बनाउने जस्ता लैससासको जिम्मेवारीहरु समावेश गर्नुहोस् ।<br>● लैससास मूलप्रवबाहिकरणको जिम्मेवारीहरु कुशलतापूर्वक पूरा गरेको आधारमा कार्यसम्पादन मुल्याङ्कनको आधार बनाउनुहोस् र सोही अनुसार मुल्याङ्कन गर्नुहोस् । |
| ६ | तालिम, गोष्ठि, बैठक जस्ता कार्यक्रम संचालन गर्दा- | ● तालिम, गोष्ठि, बैठक आदि कार्यक्रम संचालन गर्नुभन्दा पहिला सो कार्यक्रममा को को सहभागी हुने भन्ने कुराको निधो गर्नुहोस्- कि त्यहाँ **कम्तिमा ३३ प्रतिशत महिला लगायत जलवायु संकटासन्न घरधुरीहरु, गा.पा./न.पा./वार्डमा बसोबास गर्ने अन्य सवै जातजातीहरु र सवै टोलहरुबाट प्रतिनिधित्व हुने कुराको सुनिश्चत** गरि सहभागी छनौट गर्नुहोस् र त्यसै अनुसार प्रतिनिधित्व हुनेगरि पत्राचार गर्नुहोस् ।<br>● महिला, संकटासन्न घरपरिवार र पिछडिएका वर्गहरुलाई पायक पर्ने गरि कार्यक्रम संचालन हुने स्थान र समय निर्धारण गर्नुहोस् ।<br>● कार्यक्रम संचालनको क्रममा पहाडी साना किसानको लागि अनुकूलन आयोजनाको समग्र लक्ष, उद्देश्य र कार्यक्रमको बारेमा जानकारी दिंदा यस आयोजनाका लक्षित वर्ग जलवायु संकटासन्न घरधुरी, महिला, दलित, पिछडिएका जनजातीहरु हुन भन्ने कुराको साथै तिनीहरुका समस्या तथा सवालहरुमा केन्द्रित भई गरिने महिला सशक्तिकरण, लैससासको क्रियाकलापहरुको बारेमा पनि राम्रोसंग जानकारी दिनुहोस् ।<br>● तालिम गोष्ठि तथा बैठकका सहभागीहरुको लैङ्गिक तथा सामाजिक समूह र संकटासंन्नता अनुसारको खण्डिकृत तथ्याङ्क सहितको तालिम प्रतिवेदन बनाउनुहोस् । |
| ७ | स्थानीय अनुकूलन योजना (लापा) तयारीको क्रममा सहजकिरणगर्दा- | ● लापा तयारीको पहिलो चरण अन्तर्गत सचेतना गोष्ठि गर्दा तालिम गोष्ठि संचालन गर्दा याद गर्नुपर्ने कुराहरु (६ नं अनुसार) को पालना गर्नुहोस् ।<br>● उक्त गोष्ठिमा जलवायु परिवर्तनको सवालले कसरी समुदाय भित्रका महिला, गरिव, दलित, पिछडिएका जनजाती र दुर्गम क्षेत्रका घरपरिवारहरुलाई अरु भन्दा बढि असर पारिरहेको छ भन्ने कुरा विश्लेषण गरि सहभागीहरुलाई बुझाउनुहोस् ।<br>● जलवायु परिवर्तन बाहेक अन्य सामाजिक, राजनीतिक र आर्थिक सवालहरुको पनि विश्लेषण गर्नुहोस जसले उनीहरुलाई संकटासन्न बनाउन सहयोग गरेका छन् ।<br>● स्थानीय अनुकूलन योजना बनाउने गा.पा./न.पा./वार्डमा लैङ्गिक समानता तथा सामानिक समावेशीकरण विश्लेषणका विभिन्न विधिहरु प्रयोग गरि संकटासन्न अवस्थामा परेका को हुन ? समावेशीकरणमा परेका को हुन र बहिस्करणमा परेका को हुन ? उनीहरु |

| | | |
|---|---|---|
| | | जलवायु परिवर्तनले कसरी प्रभावित भए ? उनीहरुका आवश्यकता र बाधाहरु के हुन ? उनीहरुको हालको समानुकुलन क्षमता कुन स्तरको छ ? हाल भइरहेका संस्थागत संरचनाहरु, पद्दती, नीति नियम र सुशासनको स्थिति के छ ? महिला र पुरुषहरुमा भएका अनुकूलन सम्वन्धि छुट्टाछुट्टै परम्परागत र आधुनिक ज्ञान सिपहरु के के छन ? भन्ने कुरा पत्ता लगाउन त्यस्ता जानकारीहरु लापामा लिखित रुपमा समावेश गर्न र लैसास मैत्री अनुकूलन कृयाकलापहरु को तर्जमा गर्न सहयोग गर्नुहोस । |
| ८ | समुदायका लक्षित वर्गहरु अर्थात लाभान्वीत घरधुरीसंग सम्वन्ध स्थापित गर्दा- | ● समुदायका लक्षित तथा लाभान्वीत वर्ग लगायत सवैसंग नम्र हुनुहोस्, आदर गर्नुहोस्, उनीहरुका कुरा ध्यान दिएर सुन्नुहोस् ।<br>● खोजि गर्नुहोस् कि उनीहरुको जीविकोपर्जनको माध्यम केहो ? उनीहरुका समस्या, आवश्यकता र बाधाहरु के हुन ? उनीहरु जलवायु परिवर्तनले कसरी प्रभावित भए ? उनीहरुको हालको समानुकुलन क्षमता कुन स्तरको छ ? उनीहरुको परिवारका महिला र पुरुषहरुमा भएका अनुकूलन सम्वन्धि परम्परागत र आधुनिक ज्ञान सिपहरु के के छन ? लापा बनाउने ठाँउमा उनीहरु उपस्थित भए भएनन ? यदि भए भने उनीहरुका आवश्यकताका बारेमा छलफल र अनुकूलन योजनामा समावेश भयो भएन ? उनीहरु हाल कुन कुन समूहमा आवद्ध छन् र कुन कुन संस्थाबाट के के सुविधा प्राप्त गरिरहेका छन् ?<br>● उनीहरुलाई आयोजनाका कार्यक्रम, प्राथमिकता र स्थानीय अनुकूलन योजनाका बारेमा जानकारी दिनुहोस्, समूहमा आवद्ध भई काम गर्न उत्प्रेरित गर्नुहोस्, पटक पटक भेट्नुहोस् अवस्था बुझ्नुहोस्, सूचना अद्यावधिक गर्नुहोस् ।<br>● कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमीका निर्वाह गरिरहेका वा गर्न सक्ने महिलाहरु, कृषि, पशुपालन, वन विकासका क्षेत्रमा काम गरिरहेका अगुवा महिला कृषकहरु र महिलाहरुको नेतृत्वलाई प्रोत्साहन गर्ने शुभ चिन्तकहरुको खोजि गर्नुहोस् र उनीहरुको नाम, ठेगाना तथा सम्पर्क नम्वरको सूची तयार गर्नुहोस, आवश्यकता अनुसार तालिम उपलब्ध गराउन र सेवा प्रदायक छान्न सिफारिस गर्नुहोस । |
| ९ | कार्यक्षेत्रका काम गर्ने उपयुक्त वातावरण बनाउनको लागि समूह समुदायसंग सम्वन्ध स्थापित गर्दा | ● आफ्नो कार्यक्षेत्रमा गई समुदायसंग भेटघाट गर्नु भन्दा पहिला आयोजना डिजाईन दस्तावेज, आयोजना कार्यन्वयन निर्देशिका, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्य संचालन निर्देशिका, सामाजिक परिचालन निर्देशिका, अनुदान परिचालन निर्देशिका, अगुवा कृषक छनौट तथा परिचालन निर्देशिका लगायतका आयोजनामा विकशित भएका सम्पूर्ण रणनीति तथा निर्देशिकाहरुको अध्ययन गरि आयोजनाका लक्ष, उद्देश्य, कार्यक्रम, प्राथमिकता, तार्किक खाका र लक्षित वर्गहरुको बारेमा स्पष्ट हुनुहोस् ताकि समुदायका जिज्ञासाहरुलाई राम्रोसंग सम्वोधन गर्न सकियोस ।<br>● आफ्नो कार्यक्षेत्र भित्रका लक्षित वर्गहरुको प्रोफाईल तयार गर्नुहोस् जसमा महिला घरमूली, दलित घरधुरीहरु, जलवायु संकटासन्न घरधुरीहरु (V4, V3, V2, V1) हरुको लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्याङ्क, उनीहरुको सामाजिक आर्थिक अवस्था, उनीहरु कुन कुन समूह/संस्थामा आवद्ध छन् र कुन कुन सरकारी तथा गैह्र सरकारी संस्थाहरुबाट के कस्ता सहयोग लिईरहेका छन् भन्ने जानकारी समावेश भएको होस्<br>● पत्ता लगाउनुहोस् कि स्थानीय अनुकूलन कार्ययोजना (LAPA) मा समावेश भएका अनुकूलनका क्रियाकलापहरुले संकटासन्न घरधुरीहरु, महिला, पिछडिएका जनजाती र दलितहरुका समस्या तथा आवश्यकताहरु समेट्न सकेका छन/छैनन? यदि छैनन भने आगामी दिनमा उक्त कार्ययोजनामा महिलाका कार्यबोझमा कमी ल्याउने तथा लक्षित वर्गका समस्या/सवाल र आवश्यकताहरु सम्वोधन गर्ने क्रियाकलापहरु राखि उक्त कार्ययोजना परिमार्जन गर्न सहजीकरण गर्नुहोस् ।<br>● महिला, पुरुष, धनि, गरिव, दलित, जनजाती र जलवायु संकटासन्न घरपरिवारहरुको अवसरहरु, समस्याहरु, आवश्यकताहरु र चाहनाहरु फरक फरक छन् त्यसैले सवैलाई समान काम र समान व्यवहारले पिछडिएका वर्गहरुको सवालहरु सम्बोधन हुन नसक्ने हुंदा उनीहरुलाई न्यायोचित व्यवहार अपनाएर प्राथमिकता दिनु आवश्यक छ भन्ने कुरा समुदायका सवै वर्गलाई बुझाउनुहोस् । |


| | | |
|---|---|---|
| १० | समूह ⁄ समिति गठन वा पुनर्गठन गर्दा- | ● जलवायु अनुकुलित सामुदायिक पूर्वाधार निर्माणका लागि समूह ⁄ समिति गठन गर्दा जलवायु संकटासन्न घरधूरीहरु, कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व लगायत जनजाती, दलित, अन्य अल्पसंख्यक समुदायहरु र युवाहरुको प्रतिनिधित्व सुनिश्चित गर्नुहोस् ।<br>● नाफामूलक उत्पादन अर्थात आय आर्जनमुखि कृयाकलापहरु संचालनको लागि समूह ⁄ समिति गठन गर्दा सबै सदस्य जलवायु संकटासन्न घरधूरीका व्यक्तिहरु समावेश गर्नुहोस् जसमा क्रमशः पहिलो प्राथमिकता V4 लाई दोस्रो प्राथमिता V3 लाई र तेस्रो प्राथमिकता V2 लाई दिनुहोस् साथै त्यस्ता समूह गठन गर्दा कम्तिमा ५० प्रतिशत महिलाहरुको प्रतिनिधित्व लगायत जनजाती, दलित, अन्य अल्पसंख्यक समुदायहरु र युवाहरुको प्रतिनिधित्व पनि सुनिश्चित गर्नुहोस् । |
| ११ | अनुकूलनका क्रियाकलापहरु कार्यान्वयनको लागि प्रस्तावना तयारीमा सहजीकरण गर्दा- | ● प्रस्तावना मुल्याङ्कन गर्दा लैससास निति भएको, समावेशी समिति भएको संस्थालाई विशेष प्राथमिकता दिईने कुराको पनि जानकारी गराउनुहोस् र प्रस्तावना पेश गर्ने समूह वा समुदाय वा सहकारीहरुको लैससास निति बनाउन र समावेशी कार्यकारिणी समिति बनाउन सहजीकरण गर्नुहोस् ।<br>● प्रस्ताव गरिने क्रियाकलापहरुले महिला, दलित तथा पिछडिएका वर्गहरुको के कस्ता सवालहरुलाई सम्वोधन गर्छ ?, के उनीहरुको कार्यबोझमा कमी आउन, सिप क्षमता र आय आर्जनमा बृद्धि हुन सक्छ ? के सामाजिक मान मर्यादामा सुधार हुन सक्छ ? भन्ने कुराहरुमा विश्लेषण गर्न लगाउनुहोस् ।<br>● अनुकूलनका क्रियाकलापहरु कार्यान्वयनको लागि प्रस्तावना तयारीमा सहयोग गर्दा समूह ⁄ समिति गठन वा पुनर्गठन गर्दा ध्यान दिनुपर्ने कुरा अनुसार जलवायु संकटासन्न घरधुरी, महिला, दलित, जातजाती, युवाहरु लाभान्वीत हुने कुराको सुनिश्चित गर्नुहोस् । |
| १२ | सम्पन्न कार्यको सूचना संकलन फारमहरु तयार गर्दा- | ● आयोजनाबाट सम्पन्न भएका क्रियाकलापहरुबाट लाभान्वीत भएका घरधुरी वा व्यक्तिहरुको लैङ्गिक, जातीय र संकटाासन्नता वर्ग छुट्टिने गरि (खण्डिकृत) तथ्याङ्क आउने किसिमका फारमहरुको विकास गर्नुहोस् ।<br>● ति फारमहरुमा सूचना संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु (कुन ठाँउमा के भर्ने भन्ने विवरण) को निर्देशन ⁄ मार्गदर्शन सहित सम्वन्धित तथ्याङ्क संकलकलाई स्पष्ट बुझाउनुहोस् |
| १३ | संचालित क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गर्दा- | ● कार्यक्षेत्रका सम्पूर्ण घरधुरीहरुको लैङ्गिक समूह, उमेर समूह, सामाजिक समूह, संकटासन्नताको तह आदिको हिसावले खण्डिकृत तथ्याङ्क संकलन गर्नुहोस् र विश्लेषण गर्नुहोस कि संचालित क्रियाकलापहरुबाट लाभान्वीत को र कति भए ? आयोजनाको लक्षित वर्गहरुः महिला, जलवायु संकटासन्न धरधुरी, दलित र पिछडिएका जनजातीहरु सम्म आयोजनाको सहयोग पुग्यो ⁄ पुगेन ?<br>● लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिबाट उपलब्धी अनुगमन, समिक्षा, खण्डिकृत तथ्याङ्क संकलन, विश्लेषण गरि प्रतिवेदनहरु र लैससास मैत्री अनुकूलनका अभ्यासहरु तथा सफलताका कथाहरु तयार गर्नुहोस् । |
| १४ | आयोजनाको बार्षिक योजना तथा बजेट तयारी गर्दा- | ● लैङ्गिक समानता तथा सामाजिक समोशीकरणका सवालहरु पहिचान गर्नुहोस्, संचालन भएका कार्यक्रमहरुको लैससासको दृष्टिकोणबाट समिक्षा तथा लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्नुहोस, र पहिचान भएका सवालहरु तथा कार्यक्रम संचालनका क्रममा भएका सिकाईहरुलाई सम्वोधन गर्ने गरि आगामी वर्षको बार्षिक योजना तर्जुमा गर्नुहोस् ।<br>● लैससासका सवालहरु सम्बोधन गर्ने कार्यक्रम संचालनका लागि पर्याप्त मात्रामा बजेट छुट्याउनुहोस् र बार्षिक कार्य योजना तथा बजेटमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट निर्दिष्ट, सहयोगी र तटष्थ मध्ये कुन क्षेत्रमा कति बजेट पऱ्यो विश्लेषण गर्नुहोस् र कम्तिमा ३५ प्रतिशत निर्दिष्ट बजेट बनाउनुहोस् । |

## ७. स्थानीय अनुकूलन कार्ययोजना प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समायोजनको खाका

लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिबाट उपलव्धी अनुगमन गर्ने, खण्डिकृत तथ्याङ्क संकलन, लैसास मैत्री अनुकूलनका अभ्यासहरु तथा सफलताका कथाहरु तयार गर्ने

- जलवायु परिवर्तनको सवालले कसरी समुदाय भित्रका ति निश्चित वर्ग, वा घरपरिवारहरुलाई अरु भन्दा बढि असर पारिरहेको छ भन्ने कुरा विश्लेषण गरि सहभागीहरुलाई बुझाउने,
- अन्य सामाजिक, राजनीतिक  र आर्थिक सवालहरुको पनि विश्लेषण गर्ने जसले उनीहरुलाई अझै संकटासन्न बनाउन सहयोग गरेकाछन्

संकटासन्न अवस्थामा परेका को हुन् ?, समावेशीकरणमा परेका को हुन र बहिस्करणमा परेका को हुन ? उनीहरु जलवायु परिवर्तनले कसरी प्रभावित भए ? उनीहरुका आवश्यकता र बाधाहरु के हुन ?  उनीहरुको हालको समानुकुलन क्षमता कुन स्तरको छ ? हाल भइरहेका संस्थागत संरचनाहरु, पद्दती, नीति नियम र सुशासनको स्थिति के छ ? महिला र पुरुषहरुमा भएका अनुकूलन सम्वन्धि छुट्टाछुट्टै परम्परागत र आधुनिक ज्ञान सिपहरु पत्ता लगाउने र लैसास मैत्री अनुकूलन कृयाकलापहरु को तर्जमा गर्ने ।




कार्यक्षेत्रमा हाल भएका समूहहरुको तथ्याङ्क संकलन गर्ने, समूह नभएमा नयाँ समूह गठन गर्ने र ती समूहहरु परिचालन गरि तर्जुमा गरिएका लक्षित कार्यक्रम संचालन गर्ने, कार्यसंचालनका क्रममा भएका सिकाईहरुको आधारमा लैसासको दृष्टिबाट बार्षिक योजना तर्जुमा र समिक्षा गर्ने, समन्वय सहकार्यको वातावरण बनाउने, बृहत रुपमा सचेतना र क्षमता विकासका कार्य गर्दै नेटवर्क  तयार गर्ने ।

**LAPA प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समायोजन खाका**

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) खण्डिकृत तथ्याङ्क संकलनका लागि नमूना फारम

### क. कर्मचारीको लैससास खण्डिकृत तथ्याङ्क संकलन फारम

| क.स. | कर्मचारीको नाम, थर | पद | स्थायी ठेगाना | उमेर | लिङ्ग | | | सामाजिक समूह | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | तेस्रो लिङ्गी | दलित | जनजाती | अन्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

### ख. कर्मचारीहरुको लैससास खण्डिकृत तथ्याङ्कको समष्टिगत स्वरुप

| क.स. | पद | लिङ्ग | | | उमेर समूह | | | सामाजिक समूह | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | १८-३० वर्ष | ३१-६० वर्ष | ६० भन्दा माथि | दलित | जनजाती | अन्य |
| | अधिकृत स्तर | | | | | | | | | |
| | मध्यम स्तर | | | | | | | | | |
| | कार्यालय सहायोगी | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

**ग. सम्पन्न क्रियाकलापहरुको तथ्याङ्क संकलन फारम**

क्रियाकलापको नामः संचालन गरिएको स्थानः संचालन मितिः ............देखि.................सम्म

आयोजकको नामः

| क.स. | सहभागी/लाभान्वीत वर्गको नाम, थर | ठेगाना | उमेर | लिङ्ग | | | सामाजिक समूह | | | संकटासन्ता स्तर | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | तेस्रो लिङ्गी | दलित | जनजाती | अन्य | V4 | V3 | V2 | V1 |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**घ. सम्पन्न क्रियाकलापहरुको समष्टिगत तथ्याङ्क**

| क. स. | कृयाकलाप को नाम | संचालन भएको स्थान | सम्पन्न मिति | अवधि | खर्च रकम | लाभान्वीत वर्ग | | | | | | | | | | | | | आयोजकको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लिङ्ग | | | उमेर समूह | | | सामाजिक समूह | | | संकटासन्ता स्तर | | | | |
| | | | | | | महिला | पुरुष | तेस्रो लिङ्गी | १६-३० वर्ष | ३१-६० वर्ष | ६० भन्दा माथि | दलित | जनजाती | अन्य | V4 | V3 | V2 | V1 | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

### ङ. नाफामूलक उत्पादन सहयोग/सामुदायिक भौतिक पूर्वाधार को लागि उपलव्ध रकम र लाभान्वीत वर्गको समष्टिगत तथ्याङ्क

क्रियाकलाप संचालन भएको स्थानः संचालन मितिः.......................देखि.......................सम्म

| क्र.स. | लाभान्वीत उपभोक्ताको नाम थर | ठेगाना | संचालन गरेको क्रियाकलाप | लागत रकम रु. | | | | | लाभान्वीत वर्ग | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आयोजनाको सहयोग रु. | स्वलगानी | | अन्य संघ संस्थाको सहयोग रु. | जम्मा रु. | लिङ्ग | | | उमेर समूह | | | सामाजिक समूह | | | संकटासन्ता स्तर | | | | घरमूलीको लिङ्ग | |
| | | | | | नगद | श्रमदान | | | म | पु | तेस्रो लिङ्गी | १६-३० वर्ष | ३१-६० वर्ष | ६० माथि | दलित | जनजाती | अन्य | V4 | V3 | V2 | V1 | म | पु |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

### च नाफामूलक उत्पादन सहयोग/सामुदायिक भौतिक पूर्वाधार को लागि उपलव्ध रकम र लाभान्वीत वर्गको समष्टिगत तथ्याङ्क

| क्र.स. | कृयाकलापको नाम | संचालन स्थान | सम्पन्न मिति | लागत रकम रु. | | | | | लाभान्वीत वर्ग | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आयोजनाको सहयोग | स्वलगानी | | | जम्मा | लिङ्ग | | | उमेर समूह | | | सामाजिक समूह | | | संकटासन्ता स्तर | | | | महिला घरमूलीको घरधुरी संख्या |
| | | | | | नगद | श्रमदान | अन्य संघ संस्था | | म | पु | तेस्रो लिङ्गी | १६-३० वर्ष | ३१-६० वर्ष | ६० माथि | दलित | जनजाती | अन्य | V4 | V3 | V2 | V1 | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

# ASHA

**Adaptation for Smallholders in Hilly Areas**

IFAD
Investing in rural people

| पहाडी साना किसानको लागि अनुकूलन आयोजना (ASHA) | | | |
|---|---|---|---|
| आयोजना समन्वय इकाई, काठमाण्डौ | | प्राविधिक सहयोग इकाई, सुर्खेत | |
| सम्पर्क नम्बर: ०१४४३४५०४ | | सम्पर्क नम्बर: ०८३५२१०६५ | |
| जिल्ला आयोजना समन्वय इकाई | | | |
| जिल्ला | रोल्पा | रुकुम | सल्यान |
| सम्पर्क नम्बर | ९८५७८२४५५१ | ०८८५३००७१ | ०८८५२०४८१ |
| जिल्ला | जाजरकोट | दैलेख | कालिकोट |
| सम्पर्क नम्बर | ०८९४३०३५३ | ०८९४२०६६१ | ०८७४४०१८२ |
| www.asha.gov.np | | | |